REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs  Date: 25.03.2025

---

## *Budget Assembly*

राज्य विधानसभाको चार दिने लामो बजट सत्र आजदेखि आरम्भ भएको छ।

अधिवेशनको पहिलो दिन आज मुख्यमन्त्री तथा वित्त विभागका प्रभारी मन्त्री प्रेमसिंह तामाङले 2024-2025 सालका निम्ति दोस्रो अनुपूरक अनुदान मांग प्रस्तुत गर्नुभयो। यसलाई र यो मांग सम्बन्धी बिनियोग विधेयकलाई सदनले सर्वसम्मतिद्वारा पारित गरयो।

बैठकमा सदनका नेता तथा मुख्यमन्त्रीले राष्ट्रपतिको मञ्जुरीको प्रतीक्षामा रहेको आपराधिक प्रक्रिया संहिता संशोधन विधेयक 2022 लाई केन्द्रबाट फिर्ता लिइएको जानकारी दिनुभयो। भारतीय नागरिक सुरक्षा संहिता 2023 लागू गरिएको कारणले यसलाई फिर्ता लिइएको हो।

यसअघि शिक्षा मन्त्री राजु बस्नेतले कथापिटल विश्वविद्यालय संशोधन विधेयक 2025 प्रस्तुत गर्नुभयो।

यस विधेयकको उद्देश्य विश्वविद्यालय अनुदान आयोग UGC को दिशानिर्देश अनुरूप सम्वध्दतालाई अनुमति दिनु रहेको छ। यस माथि बहस भोलि हुनेछ। सदनमा विधानसभा अध्यक्ष श्री मिङ्मा नर्बु शेर्पाले विभिन्न आयोग र सरकारी विभागहरूका वार्षिक रिपोर्ट प्रस्तुत गर्नुभयो, यी मध्ये 2023-2024 का लागि मुद्रण तथा लेखन सामग्री विबाग अनि 2022-2023 र 2023-2024 का निम्ति सिक्किम सूचना आयोग कृषि विभाग र गृह विभागका रिपोर्टहरू सामेल छन।

यसैवीच समाचार एकांशद्वारा यसैबीच राज्य विधानसभामा आज भएको कार्यवाही समीक्षात्मक वार्ता प्रस्तुत गरिनेछ। यसलाई भुटिया समाचारको लगत्तैपछि छ बजेर पचपन्न मिनटमा सुन्न सकिनेछ।

---

## *LS Finance Bill*

लोकसभाले वित्त विधेयक 2025 लाई पारित गरेको छ। विधेयकको उद्देश्य वित्त वर्ष 2025-2026 का लागि केन्द्र सरकारका वित्तीय प्रस्तावहरूलाई प्रभावी बनाउनु हो।

वित्त विधेयकमाथि चर्चाको उत्तर दिँदै केन्द्रीय वित्त मन्त्री निर्मला सीतारामनले भन्नुभयो विधेयकमा करदाताहरूलाई सम्मान दिन र ब्यापार सुगमताका लागि करमा राहत प्रदान गरिएको छ। उहाँले भन्नुभयो नयाँ कर व्यवस्था अन्तर्गत बाह्र लाख रूपियाँसम्मको आया कुनै कर लाग्ने छैन्।

---

## *LS MP Sikkim*

लोकसभा सांसद इन्द्रहाङ सुब्बाले हिमस्खलनको कारणले सिक्किमका सीमावर्ती क्षेत्रहरूमा जाने सड़कहरू धेरै लामो समयसम्म बन्द भएकोमा चिन्ता ब्यक्त गर्नुभएको छ।

संसदमा आज प्रश्नकालमा उहाँले सम्बन्धित मन्त्रालय समक्ष यस्ता अवरोधहरू रोवनका लागी चालिएका पाइलाहरूबारे प्रश्न गर्नुभयो।

श्री सुब्बाले हिमस्खलन हुने क्षेत्रमा सहज र सुचारू सम्पर्क सुनिश्चित गर्न स्नो शेड प्रविधि लागू गरिए नगरिएको विषय सम्वन्धमा जिज्ञासा राख्नुभयो।

---

## *SDF*

सिक्किम प्रजातान्त्रिक मोर्चा, SDF पार्टीले राज्यमा आत्महत्याका बढ़दो घटनाहरूलाई लिएर चिन्ता ब्यक्त गरेको छ।

पार्टीले यस्ता घटनाहरूलाई रोक्नमा सिक्किम क्रान्तिकारी मोर्चा पार्टीको सरकारद्वारा के कस्ता पहलहरू गरिएका छन् त्यसबारे जान्ने इच्छा ब्यक्त गरेको छ।

आत्महत्या गर्नेहरूमा धेरैजना विद्यार्थीहरू पनि रहेको बताउँदै SDF ले सरकार र शिक्षा विभागले राज्यको शिक्षा ब्यवस्थामाथि ध्यान दिने सुझाउ दिएको छ।

---

## *DEO Mangan Meeting*

भारतको चुनाउ आयोगको निर्देश अनुरूप मंगनका जिल्ला निर्वाचन अधिकारी तथा जिल्लाधीश अनन्त जैनले आज जिल्ला प्रशासनिक केन्द्र मंगनमा जिल्लाका राजनीतिक पार्टी प्रतिनिधिहरूसित बैठक गर्नुभयो।

चुनाउ नियम र दिशानिर्देशहरूबारे चर्चा गर्ने र सुझाउहरूको समीक्षा गर्ने उद्देश्यले बैठक डाकिएको थियो।

यसमा जिल्लीधीशले सम्विधान तथा कानुनी परिधिका विभिन्न पक्षहरू भोट सार्ने, मतदाता परिचय पत्रको संशोधन र यसलाई ताजा बनाउने, राजनीतिक पार्टीहरूको भूमिका र अन्य सान्दर्भिक विषयहरूबारे जानकारी दिनुभयो ।

श्री जैनले यो मासिक बैठकमा उठाइएका मामिलाहरूको समयमा समाधान गर्ने आश्वासन दिनुभएको छ ।

---

## *Training Prog*

भारतीय अलैंची अनुसन्धान संस्थान क्षेत्रीय शोध केन्द्रको मसला बोर्ड अनुसन्धान प्रभागले भारतीय कृषि अनुसन्धान परिषद ICAR-IISR कोजिकोडको मसला सम्बन्धी अखिल भारतीय समन्वित अनुसन्धान परियोजना अन्तर्गत देन्तामको राधु खण्ड्मा आज सामग्री वितरण तथा प्रशिक्षण कार्यक्रम आयोजित गरयो ।

यसमा मोडल नर्सरी भिलेज कार्यक्रम अन्तर्गत तीसजना लाभार्थीहरूलाई विभिन्न सामग्रीहरू वितरण गरियो ।

यी मध्ये स्वस्थ रोगमुक्त र उच्च भुणस्तरीय अलैचीका बिरूवा उत्पादन गर्न जैविक मल र अन्य सामग्रीहरू सामेल छन् ।

कार्यक्रमलाई मुख्य अतिथिको रूपमा सम्बोधन गर्दै राधु खण्ड ग्राम पञ्चायत अध्यक्ष बिमल कुमार थापाले कृषकहरूसित ठूलो अलैचीको उत्पादन र उत्पादनशीलता बढाउनका लागि वैज्ञानिक दृष्टिकोण अप्नाउने आग्रह गर्नुभयो ।

आफ्नो बक्तव्यमा वैज्ञानिक डा. एस एस बोराले ठूलो अलैची नर्सरी प्रबन्धनमाथि तकनिकी जानकारी साझा गर्नुभयो ।

---

## *PM Mann Ki Baat*

प्रधानमन्त्री नरेन्द्र मोदीले यसै महीना तीस तारीक आकाशवाणीबाट प्रसारित हुने ‘मन की बात’ कार्यक्रमका लागि सुझाउ माग्नुभएको छ ।

यो मासिक रेडियो कार्यक्रमको एक सय बीसौं प्रकरण हुनेछ ।

सोशल मीडिया पोस्टमा श्री मोदीले यस महीनाको मन की बातका लागि ब्यापक सुझाउ प्राप्त भएकोमा खुशी ब्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो यी सुझाउले सामाजिक भलाइका लागि सामूहिक प्रयासको शक्ति दर्शाउँछन् ।

कार्यक्रमका लागि आफ्नो विचार र सुझाउ ट्रोलफ्री- नम्बर 1800-11-7800 को माध्यमद्वारा दिन सकिनेछ ।

नरेन्द्र मोदी ऐप वा my gov ओपन फोरमको माध्यमबाट पनि अनलाइन सुझाउ अठाइस तारीकसम्म साझा गर्न सकिन्छ ।